नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २५६ २०८१ साल जेठ ४ गते शुक्रबार (17 May 2024 Friday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वीरगञ्ज सुक्खा बन्दरगाहबाट... ३ पृष्ठमा : 'लुबाट बच्न जनचेतना बढाउन... ३ पृष्ठमा : बेलायतमा नौ वर्षभन्दा...

## साइकलसहित युवक खोला किनारमा मृत फेला



**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ ।**

साइकल लिएर घरबाट निस्केको एक युवक भोली पल्ट खोला किनारमा मृत अवस्थामा भेटिएका छन ।

राजविराज नगरपालिका वडा नं. १२ विषहरिया टोल निवासी १९ वर्षिय सुनिल यादव खाँडो खोला किनारमा मृत अवस्थामा भेटिएका हुन् ।

मंगलवार साँझ साइकल चढी घरबाट निस्केका सुनिल बुधवार दिउँसो राजविराज नगरपालिका १३ स्थित पिपराही र भेल्ही बीचको खाँडो खोला किनारमा मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक

*बाँकी दुई पृष्ठमा*

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

### पेट्रोलमा सात र डिजेल तथा मट्टितेलमा पाँच रुँपैया घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ जेठ ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर सात र डिजेल तथा मट्टितेलमा प्रतिलिटर पाँच घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रटिलिटर एक सय ६८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि रु एक सय ७० र तेस्रो वर्गका लागि रु एक सय ७१ कायम भएको छ ।

डिजेल र मट्टितेल भने पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमश: एक सय ५१ रुपैयाँ ५० पैसा, एक सय ५३ रुपैयाँ र एक सय ५४ रुपैयाँ पुगेको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गका रुपमा तोकेको छ ।

नयाँ मूल्य निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुनेछ ।

इण्डियन आयल कर्पोरेशन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलिमय पदार्थको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको हो । आइओसीले बुधबार पेट्रोलको मूल्यमा प्रतिलिटर ६ रुपैयाँ ७५ पैसा र डिजेलको मूल्यमा प्रतिलिटर पाँच रुपैयाँ नौ पैसाले घटाएर नयाँ बिक्री मूल्य पठाएको निगमले जनाएको छ ।




अनुरोधकर्ता
कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी

## विद्यालयमा पोषणयुक्त आहारासँगै जुका विरुद्धको औषधी र सचेतना दिइदै



**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ ।**

सप्तरीको सामुदायिक विद्यालयहरुमा पोषणयुक्त आहारा वितरणसँगै यसको महत्वबारे सचेतना अभियान थालिएको छ ।

पोषण सप्ताह २०८१ को अवसर पारेर सेभ द चिल्ड्रेनको साझेदारीमा सेभ द सप्तरीले यस्तो अभियान थालेको हो ।

सो अभियान जिल्लाको राजविराज नगरपालिका, छिन्नमस्ता, तिलाठीकोईलाडी र विष्णुपुर गाउँपालिकाका विभिन्न वडास्थित ६३ वटा सामुदायिक विद्यालयमा अभियान थालिएको छ ।

बालबालिकामा देखिने विभिन्न खाले स्वास्थ्य समस्याबारे न्यूनिकरणका लागी विद्यार्थी र उनका अभिभावकहरुलाई राखेर जेठ १ गतेदेखि अभियान थालिएको र अभियानको तेश्रो दिन विहीवार पोषण समाग्री वितरणका साथै यसको महत्वबारे जानकारी दिइएको सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवले बताए । विद्यार्थीहरुलाई जुका विरुद्धको औषधी सेवन समेत गराइएको छ ।

तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत विद्यालयका बालबालिकालाई जुकाको औषधी खुवाउन सूरु गरिएको र यो क्रम जेठ ७ गते सम्म चल्ने उनको भनाई छ । साताव्यापी कार्यक्रम अन्तर्गत यसअघि पहिलो दिन पोषण सामाग्री वितरण र प्रर्दशनी, दोश्रो दिन पोषण समाग्रीको महत्वबारे सचेतना लगायतका कार्यक्रम गरिएको थियो ।

यस्तै अभियान अन्तर्गत जेठ ४ गते जुकाको औषधी सेवन गराउने कार्यलाई निरन्तरता, जेठ ५ गते सरसफाई बारे सचेतना, जेठ ६ गते अतिरिक्त क्रियाकलाप र जेठ ७ गते अन्तिम दिन विद्यालयमा स्वास्थ्य र सरसफाईको अवस्थाबारे अन्तरक्रिया र समिक्षा कार्यक्रम हुनेछ ।

तातोहावा 'लु' का असर तथा लक्षण

➢हृदयको गति तीव्र हुने,
➢श्वासप्रश्वास र रक्तचाप कम हुने,
➢शरीरबाट पसिना ननिस्कने,
➢टाउको अत्याधिक दुख्ने,
➢चक्कर लाग्ने, अचेत हुने,
➢१०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
➢छाला सुख्खा, रातो र तातो हुने,
यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खोला नदीको सरसफाइमा ध्यान पुगोस्

वर्षा आउनु पूर्व नै जिल्लास्थित विभिन्न खोला नदीको सरसफाई हुनु आवश्यक छ । खोला नदीमा जमेको बालुवा, गिटीका कारण वर्षाको पानीको बहाव सतह भन्दा माथी बग्ने गर्दछ । जसले गर्दा पानी मानवबस्तीमा पुगेर डुवान क्षेत्रमा परिणत हुने गर्दछ । सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ । नदीमा बालुवा, गिटी भरिएपछि आफ्नो मुल प्रभाव क्षेत्रलाई छोडेर अन्य स्थानबाट पानीको बहावले बाटो बनाउँदा नदी फुट्ने खतरा पनि उत्तिकै रहनेगर्छ । हरेक वर्ष सप्तरीमा बाढीले ठूलै क्षति पुऱ्याउने गरेको पाइएको छ ।

नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि लामो समयदेखी प्रयास भइरहेको छ । हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ । यता क्षति पुऱ्याउने कारण बारे कसैले केलाउन सकेका छैनन् । यता विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाईप्रति कसैको गम्भिर ध्यानाकर्षण हुन सकेको छैन् ।

तसर्थ सरोकारवाला निकायले यसतर्फ ध्यान पुऱ्याउनु पनि उत्तिकै आवश्यक छ । साथै स्थानियस्तरबाट पनि जनदबाबका साथै समस्याको समाधानतर्फ अग्रसरता देखाउनु जरुरी छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# वीरगञ्ज सुक्खा बन्दरगाहबाट ४० अर्ब ८३ लाख राजस्व संकलन

वीरगञ्ज (पर्सा), ३ जेठ (रासस) ।

सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षको १० महिनामा रु ४० अर्ब तीन करोड ८३ लाख ३८ हजार राजस्व सङ्कलन गरेको छ ।

साथै उक्त कार्यालयले आर्थिकमन्दीको कारणले बजार सुस्ताएको समयमा पनि लक्ष्यको ६० दशमलव ७२ प्रतिशत राजस्व सङ्कलन गरेको जनाएको छ ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख डा रामप्रसाद मैनालीले चालु आर्थिक वर्षमा समग्र बजार सुस्ताएकाले अपेक्षाकृत रुपमा राजस्व सङ्कलन हुन नसकेको बताउनुभयो । "अहिले समग्र मुलुकको बजार सुस्ताएको छ", उहाँले भन्नुभयो, "माग कम भएपछि आयात पनि स्वतः घट्ने भयो ।" भन्सार विभागले कार्यालयलाई चालु आवको १० महिनाको अवधिमा रु ५४ अर्ब २७ करोड २१ लख ३५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियोभने कार्यालयले १० महिनाको अवधिमा भने रु ४० अर्ब तीन करोड  सङ्कलन गरेको छ ।

प्रमुख भन्सार अधिकृत मैनालीका अनुसार सुक्खा बन्दरगाहमा सबै सामान कार्गो रेलबाट ढुवानी हुनेगरेको छ । विगतमा दैनिक तीन वटा कार्गो रेलबाट मालसमान आउने गरेकामा हाल दुई वटाबाट आउने गरेको छ । कार्गो रेलले एक पटकमा ६० वटा कन्टेनर ल्याउने गरेको छ ।

भन्सार विभागले कार्यालयलाई चालु आवमा रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य तोकिदिएको भए तापनि कार्यालयले भने चालु आवमा लक्ष्यको ७० प्रतिशतको हाराहारीमा मात्रै राजस्व सङ्कलन हुने जनाइएको छ । प्रमुख भन्सार अधिकृत मैनालीले चालु आवमा आइरन ब्लेड र मदिराजन्य पदार्थको आयात कम भएकाले पनि राजस्व सङ्कलनमा घटेको बताउनुभयो । "यहाँ विशेष गरी औद्योगिक कच्चा पदार्थ आयात हुने गर्छ तर विगतको तुलनमा यो वर्ष औद्योगिक कच्चापदार्थ आयात हुन भएको छैन", उहाँले भन्नुभयो, "गर्मी याम सुरु हुँदा पनि एसी र छाताजस्ता सामानको आयात बढेको छैन, विगतमा यो सिजनमा एसी र छाताको आयात धेरै हुने गर्थ्यो यो वर्ष एसी र छाताको पनि आयात पनि बढ्न सकेको छैन ।"

कार्यालयले चालु आवको साउन महिनामा रु चार अर्ब सात करोड राजस्व सङ्कलन गऱ्यो । भदौ महिनामा रु चार अर्ब ५७ करोड र असोज महिनामा रु चार अर्ब ४६ करोड राजस्व सङ्कलन गरेको थियो । उक्त कार्यालयले कात्तिक महिनामा रु तीन अर्ब ६३ करोड, मङ्सिर महिनामा रु चार अर्ब २८ करोड, पुस महिनामा रु तीन अर्ब ७५ करोड राजस्व सङ्कलन गऱ्यो । कार्यालयले माघ महिनामा रु तीन अर्ब ७४ करोड, फागुन महिनामा रु तीन अर्ब ६२ करोड, चैत महिनामा चार अर्ब २८ करोड र वैशाख महिनामा रु तीन अर्ब ५८ करोड राजस्व सङ्कलन गरेको जनाएको छ ।

भन्सार विभागले कार्यालयलाई गत आवमा रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो तर उक्त कार्यालयले रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार मात्र सङ्कलन गरेको थियो ।

# दुबई र कुवेतमा कार्यालय खोलेर नेपालबाट मानव तस्करी

काठमाडौँ, ३ जेठ (रासस) ।

एक गिरोहले दुबई र कुवेतमा सम्पर्क कार्यालय खोली नेपालबाट मानव तस्करी गर्ने गरेको प्रहरीको अनुसन्धानमा खुलेको छ । नेपाल प्रहरीले हालै गरेको अनुसन्धानमा ती गिरोहले दुबई र कुवेतका कार्यालयमा एजेन्ट राखेर नेपालीहरूलाई भिजिट भिसामा दुबई पुऱ्याउने र त्यहाँबाट विभिन्न प्रलोभन देखाइ कुवेत पुऱ्याएर बेचबिखन गर्ने गरेको पाइएको हो ।

आरोपीहरू राकेश नेपालीले गोपाल सुनार र राकेश सुनारका नाममा जन्ममिति र ठेगाना फरक बनाई दुई वटा नागरिकता लिएर मानव तस्करी गर्ने गरेको पाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताउनुभयो ।

उनीसहितका गिरोहले महिलालाई प्रलोभनमा पारेर दुबई लैजाने भनी कुवेत पुऱ्याउने र बेचबिखन गर्ने गरेको खुल्न आएको उहाँले बताउनुभयो । महिलालाई दुबईमा रहेको कम्पनीमा आकर्षक तलबको प्रलोभनमा पारी भिजिट भिसामा दुबई हुँदै कुवेत पुऱ्याएर घरेलु कामदारका रुपमा लगाउने गरेको खुलेको प्रहरीले जनाएको छ ।

पीडितका एक आफन्तले कार्यालयमा दिएको निवेदनका आधारमा कुवेतस्थित नेपाली राजदूतावासमार्फत एक पीडित महिलाको यही वैशाख २७ गते उद्धार गरेको थियो । प्रारम्भिक चरणको अनुसन्धानपछि बुधबार प्रहरीले घटनाबारे सार्वजनिक गरेको हो ।

उक्त घटनामा नेपाल सरकारबाट निषेधित गरिएको क्षेत्रमा समेत महिलालाई लगी अलपत्र पारी बन्धक बनाउने व्यक्तिउपर अनुसन्धान गर्दा मानव तस्करीसमेतका कार्यमा संलग्न रहेको खुलेपछि गत वैशाख ३१ गते दुई जनालाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा दैलेख घर भई काठमाडौँको बौद्ध बस्ने राकेश सुनार भन्ने २४ वर्षका गोपाल सुनार र गोरखा घर भई काठमाडौँ बस्ने आयुस भन्ने आकाशबाबु विक छन् । पीडितले स्वदेश फर्किन खोज्दा एजेन्टले बन्धक बनाएको र रु एक लाख ५० हजार माग्नुका साथै ज्यान लिने धम्की दिएको खुल्न आएको छ ।

### साइकलसहित युवक...

गजुसिद्धी बज्राचार्यका अनुसार युवक साईकलसहित घोप्टो परेको र नाकबाट रगत बगेको अवस्थामा फेला परेका छन् । उनको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाबारे थप अनुसन्धान भइरहेको उनले जनाए ।

स्थानीयले उनको कुटपीटबाट मृत्यु भएको आशंका ब्यक्त गरेपनि प्रहरीले पोस्टमार्टम रिर्पोट प्राप्त भएपछि मात्र हत्या भए/नभएको बारे यकिनका साथ भन्न सकिने जनाएको छ । मृतकका आफन्त र स्थानीयले घटनाको सत्यतथ्य छानवीन हुनु पर्ने माग गरेका छन ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**

# 'लुबाट बच्न जनचेतना बढाउन आवश्यक'

काठमाडौँ, ३ जेठ (रासस)।

'लु' (तातो हावाको लहर) बाट बच्नका लागि व्यापक जनचेतना तथा प्रचारप्रसार गर्न आवश्यक रहेको सरोकारवालाहरुले बताउनुभएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बिहीबार आयोजना गरेको 'लु'को प्रभाव र पूर्वतयारीसम्बन्धी संवाद कार्यक्रममा उहाँहरुले 'लु'बाट बच्न व्यापक जनचेतना जरुरी रहेको बताउनुभएको हो।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले आपत्कालीन अवस्थासम्बन्धी कार्ययोजना बनाउन सबै सरोकारवालालाई आग्रह गर्नुभयो। "सबैको सहकार्यमा लु व्यवस्थापन तथा न्यूनीकरणको कार्ययोजना तर्जुमा गर्नसकेमा उपयुक्त हुनेछ", उहाँले भन्नुभयो, "लुसम्बन्धी जनचेतना एकदमै जरुरी छ, जनचेतनाको ठूलो महत्व रहन्छ।"

ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शेखर खनालले प्रत्येक जिल्लामा जनचेतना बढाउनका लागि निर्देशन र गर्मीबाट बच्न जीवनजल वितरणका कार्यक्रम अगाडि बढाउनुपर्ने सुझाव दिनुभएको छ। प्राधिकरणका वरिष्ठ मौसमविद् राजेन्द्र शर्माले 'लु'बाट बच्नका लागि जनचेताना जगाउन र नीति तर्जुमा गर्नुपर्ने सुझाव दिनुभयो।

जल तथा मौसम विज्ञान विभागले यस वर्ष तापक्रम बढ्ने प्रक्षेपण गरिरहेको उल्लेख गर्दै तापक्रमबाट मानिसको जनजीवनबाट प्रभावित हुनसक्ने उहाँको भनाइ थियो।

विभागका वरिष्ठ मौसमविद् शान्ति कँडेलले पनि जलवायु परिवर्तनको असरका कारण विश्वमा तापमान बढ्दै गइरहेको भन्दै समयमा नै न्यूनीकरणका उपाय अवलम्बन गर्न नसकेमा तातो हावाको असर अझै बढ्नसक्ने बताउनुभयो। "विश्वमा बढिरहेको तापक्रमका कारण नेपाल पनि अछुतो छैन, नेपालमा औसतमा शून्य दशमलव ०५२ डिग्री सेल्सियस अधिकतम तापक्रम बढ्दै छ। हिमाल पग्लदै गइरहेको छ", उहाँले भन्नुभयो, "कसरी तातो हावाको प्रकोपबाट बच्ने भन्ने विषयमा गम्भीर हुन नसकेमा दिनानुदिन तराईका बासिन्दामा असर पर्दै जानेछ।"

जनस्वास्थ्यविद् डा समीर अधिकारीले तातो हावाका कारण मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पुग्नसक्ने भन्दै 'लु' बाट बच्ने उपाय अवलम्बन गर्न जरुरी रहेको जानकारी दिनुभयो। "लुका कारण श्वास फेर्न गाह्रो हुन्छ। रगतजन्य समस्या आउन सक्छ। शरीरमा घाउ हुनसक्छ", उहाँले भन्नुभयो, "ब्लडप्रेसरको समस्या बढ्नसक्छ, आँखाको समस्या हुन सक्छ र कालान्तरमा मानिसको मृत्यु हुनसक्छ।"

डा अधिकारीले पनि व्यापक जनचेतना र जनसहभागिता तथा समन्वय गरेर लु व्यवस्थापनको काम गर्नुपर्नेमा जोड दिनुभएका छ। लुबाट कसरी सुरक्षित गर्ने ? कसरी पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने ? भन्ने विषयमा कार्यक्रम तय गर्न आवश्यक रहेको उहाँको भनाइ छ। उहाँका अनुसार गर्मीका कारण शरीरमा आलस्य बढ्नसक्छ।

# दुई केजी ६ सय ५४ ग्राम लागुऔषधसहित तीन विदेशी महिला पक्राउ

काठमाडौँ, ३ जेठ (रासस)।

नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले अवैध लागुऔषध कोकिनको कारोबारमा संलग्न अन्तर्राष्ट्रिय गिरोहका विदेशी नागरिकलाई काठमाडौँ महानगरपालिका-१७ ठमेलबाट पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेहरूमा इथियोपियाबाट कतार एयरवेजबाट काठमाडौँ ओर्लिएका युगाण्डा घर भएका केभिना मुगाला, र लिलियन सुशान वानयेन्ज तथा उक्त बरामद भएको कोकिन लिन भारतबाट आएकी ३३ वर्षीय देवाजनी पाल रहेको लागुऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "कतार एयरवेजबाट काठमाडौँ ओर्लिएका युगाण्डा घर भएका केभिना मुगाला र लिलियन सुशान वानयेन्जेबाट आगुऔषध कोकिन बरामद गरिएको छ, जसको तौल दुई केजी छ सय ५४ ग्राम रहेको छ।" पक्राउ परेकाहरूमाथि लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काठमाडौँ जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थप भई अनुसन्धान भइरहेको प्रवक्ता कार्कीले बताउनुभयो। बरामद गरिएको अवैध लागुऔषध कोकिनको बजार मूल्य रु सात करोड ९६ लाख हुन आउने ब्यूरोले जनाएको छ।

# 'विश्वविद्यालय सुधार गर्न छाता ऐन ल्याउनुपर्ने'

काठमाडौँ, ३ जेठ (रासस)।

विश्वविद्यालय सुधारका लागि छाता ऐन ल्याउनुपर्नेमा जोड दिइएको छ।

अनेरास्ववियुको आयोजनामा भृकुटीमण्डपमा जारी विद्यार्थी महोत्सवको 'विश्वविद्यालय सुधार किन र कसरी' भन्ने बहसका वक्ताहरूले विश्वविद्यालय सुधारका लागि समग्र विश्वविद्यालयका लागि एकै छाता ऐन ल्याउनुपर्ने बताए।

बहसमा सहभागी हुनुभएका सांसद विद्या भट्टराईले राजनीतिक कारणले विश्वविद्याल नबिग्रेको उल्लेख गर्दै छाता ऐन ल्याउन सके विश्वविद्यालय सुध्रने बताउनुभयो। "विश्वविद्यालय नसुध्रिनुको कारण राजनीतिक हो भन्ने कुरा गलत भाष्य निर्माण गरिएको छ", उहाँले भन्नुभयो, "विश्वविद्यालय सुधारेन सोच बदल्नुपर्दछ। समग्र छाता ऐन ल्याएर विश्वविद्यालय सुधार गर्न सकिन्छ।"

गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले विश्वविद्यालयमा शैक्षिक क्यालेण्डर लागू गर्न सके सुधार गर्न सकिने धारणा राख्नुभयो। उहाँले सरकारले अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने बताउनभयो।

शिक्षाविद् डा अनिमा सिंहले विश्वविद्यालयलाई जीवनोपयोगी शिक्षाको थलो बनाउनुपर्ने बताउनुभयो।


राजविराज नगरपालिका

३ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नं: ४८२

मिति २०८१।०२।०३

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजबिराज नगरपालिका साबिक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने प्रशान्त तातेडले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८१।०२।०३ मा द.न.४३२ को निबेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.बि.न.पा. वा.नं.४ हाल ३ बस्ने राजकुमारी तातेड नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.बि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | कंचनपुर | ६ | ४६ | ०-५-३ |

२०८१।०२।०३

बीरेन्द्र कुमार साह
का.वा वडा अध्यक्ष

का.वा. वडा अध्यक्ष
रा.बि.न.पा.-३


## विश्व समाचार

# बेलायतमा नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामा प्रतिबन्ध लगाइने

लन्डन, ३ जेठ (रासस/एएफपी)।

बिहीबार प्रकाशित हुने नयाँ सरकारी प्रस्तावअनुसार इङ्गल्यान्डका विद्यालयहरूमा नौ वर्षभन्दा कम उमेरका बालबालिकालाई यौन शिक्षा र लिङ्ग पहिचान शिक्षामाथि प्रतिबन्ध लगाइने भएको छ। यसले प्राथमिक उमेरका स्कुले बालबालिकाका लागि पाठको विषयवस्तुमा चिन्ता दर्शाएको शिक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। "आफ्ना बालबालिकालाई विद्यालय पठाउँदा उनीहरूलाई सुरक्षित राखिन्छ र बालबालिकाको उमेरका लागि अनपयुक्त विचलित सामग्रीको सम्पर्कमा आउँदैनन भन्नेबारे अभिभावकले भरोसा गरेका हुन्छन्", कन्जरभेटिभ प्रधानमन्त्री ऋषि सुनकलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, "त्यसैले गत वर्ष हाम्रा कक्षाहरूमा यस्तो भएको खबर सुनेर म भयभीत भएको थिएँ।"

नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामाथि प्रतिबन्धका साथै लिङ्ग पहिचानको विवादित सिद्धान्त पनि नपढाइने मन्त्रालयले बताएको छ। गत महिना लैङ्गिक पहिचानका मुद्दाहरूसँग जुधिरहेका युवाहरूलाई नारी बनाउने हर्मोन उपचारहरू सिफारिस गर्नमा 'अत्यन्त सावधानी' उपाय चाल्न आग्रह गर्ने गत महिना भएको ऐतिहासिक समीक्षापछि यस्तो कदम चालिएको हो। नयाँ प्रस्तावमा आत्महत्या रोकथाममा थप सामग्री र अनलाइन आत्मक्षतिलाई बढाउने सामग्री हेर्ने जोखिमहरू पनि समावेश हुनेछ। प्रस्ताव नौ साताको परामर्शको अधीनमा हुनेछ र अन्तिम रूप दिइएपछि वैधानिक हुनेछ।

# उत्तरी गाजामा पाँच सैनिक मारिएको इजराइली सेनाको स्पष्टोक्ति

जेरुसेलम, ३ जेठ (रासस/एएफपी)।

इजराइली सेनाले बिहीबार उत्तरी गाजा पट्टीमा पाँच जना सैनिक मारिएको बताएको छ। उक्त स्थानमा हमास लडाकुहरू विरुद्ध सात महिनाभन्दा बढी समयदेखि निरन्तर लडाइँ भइरहेको छ। सेनाले मृत्युको कारण उल्लेख नगरी सैनिकहरू बुधबारको युद्धमा मारिएको विज्ञप्तिमा उल्लेख गरेको छ। पछिल्लो घटनामा भएको मृत्युसँगै अक्टोबरदेखि विभिन्न स्थल आक्रमण हुँदा गाजा सैन्य अभियानमा मारिएका इजराइली सैनिकको सङ्ख्या दुई सय ७८ पुगेको छ।

उत्तरी गाजामा पछिल्लो समयमा लडाइँ बढेको उल्लेख गर्दै इजराइली सेनाका प्रवक्ताले यस क्षेत्रमा प्यालेस्टिनी सशस्त्र समूहको कमान्ड संरचना ध्वस्त भएको घोषणा गरेको केही महिनापछि हमासले सैन्य क्षमताहरू पुनर्निर्माण गर्ने प्रयास गरेको बताउनुभयो। मेको प्रारम्भमा सेनाले दक्षिणी सहर रफाहमा ध्यान केन्द्रित गर्दै 'लक्षित' अपरेसन सुरु गरेपछि उत्तरी गाजाको जबालिया शरणार्थी शिविर र केन्द्रीय नुसिरत शिविरमा भीषण लडाइँ र व्यापक इजराइली बमबारी भएको बताइएको छ।

# सुडानमा खाद्यसंकट पर्ने संयुक्त राष्टसङ्घीय अधिकारीको चेतावनी

खार्तुम, ३ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) का वरिष्ठ अधिकारीले बुधबार सुडानका युद्धग्रस्त क्षेत्रहरूमा अनिकालका कारण जीवन बचाउने प्रक्रिया असहज बन्दै गएको चेतावनी दिएका छन्। "सुडानको स्थिति निराशाजनक र द्रुतरूपमा बिग्रँदै गएको छ", डब्ल्युएफपीका उपकार्यकारी निर्देशक कार्ल स्काउले सुडानको भ्रमणपछि राष्ट्रसङ्घीय न्युज सेन्टरले केन्द्रले उहाँलाई उद्धृत गर्दै भनेको छ, "हामीलाई पहुँचको स्तरमा आदर्श परिवर्तनको आवश्यकता छ, अन्यथा हामीले सुडानमा विपत्ति देख्नेछौँ।"

स्काउले गम्भीर खाद्य असुरक्षाबाट पीडित अनुमान गरिएका एक करोड ८० लाख सुडानीमध्ये डब्ल्युएफपी २५ देखि ३० प्रतिशतसम्म मात्र पुग्नसकेको बताउनुभयो। उहाँले सुडानमा नागरिकहरूको सुरक्षा गर्न र मानवीय प्रतिक्रियालाई सुदृढ पार्न ठोस कूटनीतिक प्रयास र थप स्रोतहरू तत्काल आवश्यक रहेको बताउनुभयो। डब्ल्युएफपीका अनुसार सुडानमा कम्तीमा ५० लाख मानिस भोकमरीको सँघारमा छन्। तीमध्ये अधिकांश गत वर्ष अप्रिलमा सुरु भएको द्वन्द्वबाट प्रभावित क्षेत्रहरू डार्फर र कोर्डोफान क्षेत्र र राजधानी खार्तुमका रहेका छन्।

डब्ल्युएफपीले द्वन्द्व दोस्रो वर्षमा प्रवेश गरेसँगै सुडानले विश्वको सबैभन्दा खराब भोकमरी र सङ्कटको सामना गर्नुपर्ने चेतावनी दिएको छ। संयुक्त राष्ट्रसङ्का अनुसार सुडानको आधा वा करिब दुई करोड ५० लाख जनसङ्ख्यालाई मानवीय सहायता र सुरक्षा चाहिन्छ। करिब एक करोड ८० लाख मानिसले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन्।

सुडानले सन् २०२३ अप्रिल १५ देखि सुडानी सशस्त्र बल र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सबीच घातक झडपको सामना गरिरहेको छ। झडपका कारण हालसम्म १५ हजार पाँच सय ५० व्यक्तिको ज्यान गएको छ। यसैगरी ८७ लाख जनता विस्थापित भएको अनुमान राष्ट्रसङ्घीय मानवीय मामिला समन्वयको कार्यालयले गरेको छ।

# कोदालो प्रहारबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ३ जेठ ।**

सिराहाको अर्नमा गाउँपालिकामा छिमेकीको कोदालो प्रहारबाट एक जनाको मृत्यु भएको छ। खेतको सीमानाको सवालमा विवाद हुँदा अर्नमा २ ब्रहमपुरिका ५५ वर्षीय बाचाई महतोको कोदालो प्रहारबाट उही उमेरका बुधराम महतोको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

लामो समयदेखि जमिन विवाद रहेका उनीहरूबिच बिहीबार बिहान खेतमै भेट भएको थियो । भेटका क्रममा विवाद चर्किएर कोदालो प्रहार गर्दा बुधरामको मृत्यु भएको वडा अध्यक्ष दीपेन्द्र महतोले जानकारी दिए ।

वडा अध्यक्ष यादवले उनीहरूबिच लामो समयदेखि जमिनको विषयमा मुद्दा चलिरहेको बताए । जमिनकै विवादका कारण आज यस्तो घटना भएको अध्यक्ष यादवको भनाई छ ।

बुधराम लामो समयदेखि विष्णुपुर चोकमा ग्यास सिलिन्डर, बिउबिजन तथा कीटनाशक विषादीको पसल सञ्चालन गर्दै आएका थिए । घटना लगतै बचाई फरार भएका छन् । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# कांग्रेसको अवरोधपछि प्रतिनिधिसभाको बैठक स्थगित

काठमाडौँ, ३ जेठ (रासस) ।

प्रतिनिधिसभाको बिहीबारको बैठक प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अवरोधपछि स्थगित भएको छ ।

बैठक प्रारम्भ हुनासाथ कांग्रेसका सांसदले रोष्टम घेराउ गर्दै विरोध जनाएपछि सभामुख देवराज घिमिरले अर्को बैठक शुक्रबार बिहान ११ बजे बस्नेगरी स्थगित गर्नुभएको हो ।

बिहीबारको बैठकमा प्रमुख प्रतिपक्षी दलको अवरोधविरुद्ध सत्तारुढ दल नेकपा (एमाले) पनि रोष्टममा उत्रिएको थियो ।

सभामुख घिमिरेले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले बोल्नका लागि समय माग गर्नुभएको जानकारी गराउँदै समय दिनुभएको थियो तर कांग्रेसले विरोध जारी राखेपछि बैठक स्थगित भएको हो ।

नेपाली कांग्रेसले सहकारीको रकम अपचलनमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेको संलग्नता देखिएको आरोप लगाउँदै निष्पक्ष छानबिनका लागि संसदीय समिति गठनको माग गर्दै आएको छ ।

# क्रिकेटर लामिछाने क्यानको निलम्बनबाट फुकुवा

काठमाडौँ, ३ जेठ (रासस) ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले क्रिकेटर सन्दीप लामिछानेलाई घरेलु तथा अन्तर्राष्ट्रिय स्तरका सबै प्रकारका क्रिकेट खेल गतिविधिको निलम्बनबाट फुकुवा गरेको छ ।

उच्चअदालत पाटनले बलात्कार मुद्दामा लामिछानेलाई सफाइ दिएसँगै क्यानले उहाँविरुद्धको निलम्बन फुकुवा गरेको हो । यससँगै लामिछानेको अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टि-ट्वान्टी विश्वकप खेल्न सम्भावना बढेको छ ।

उच्चअदालत पाटनका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेतीको इजलासले त्रिकेटर लामिछानेलाई बुधबार सफाइ दिएको थियो । यसअघि जिल्ला अदालत काठमाडौँले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गर्दै आठ वर्ष कैद र रु पाँच लाखको जरिवाना र क्षतिपूर्तिको फैसला सुनाएको थियो । त्यससँगै क्यानले पनि लामिछानेलाई क्रिकेट गतिविधिबाट निलम्बन गरेको थियो ।




अनुरोधकर्ता
महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
– दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
– कम्प्युटर ल्याबको व्यवस्था भएको।
– विज्ञान प्रयोगशालाको व्यवस्था भएको।
– CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
– Monthly Test को व्यवस्था भएको।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१




अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*